माध्यमिक शिक्षा परीक्षामा सहभागी हुने विद्यार्थीहरूको रजिष्ट्रेसन र आवेदन फाराम भर्ने भराउने सम्बन्धमा विद्यालयका प्रधानअध्यापकहरूका लागि

# अभिमुखीकरण कार्यक्रम

मितिः २०७८।०६।१७

## आयोजक

## शिक्षा विकास तथा समन्वय इकाइ म्याग्दी

# परीक्षा र प्रमाणपत्रसँग देखिएका समस्याहरू

१. २०७६ को माध्यमिक शिक्षा परीक्षामा …………… विद्यालयले तोकिएको एक्सेल ढाँचामा विद्यार्थीको अंक पठाउनुपर्नेमा वर्ड ढाँचामा ल्याएको उक्त फाइल अपलोड गर्न नसकिने हुँदा इकाइबाट फिर्ता गरिएको र एक्सेल ढाँचामा विद्यालयले कपी गरेर ल्याउदा १ जना विद्यार्थीको गणित विषयमा ७९ अंक १९ अंक भइ आएछ। विद्यालयबाट आएको सोही एक्सेल फाइल अपलोड भयो। उक्त कुरा नतिजा प्रकाशन भए पश्चात मात्रै थाहा भयो। तर कतै सच्याउन सकिएन। किनभने विद्यालयले प्रमाणित गरेको हार्ड कपिमा पनि १९नै अंक थियो। कपी इकाइ र राष्ट्रिय परीक्षा बोर्डमा पठाइएको थियो।

२. २०७६ को माध्यमिक शिक्षा परीक्षामा …………………….. विद्यालयको एक जना विद्यार्थीको जन्मदर्तामा ……. कुमारी …… नाम रहेको र उक्त विद्यार्थीले फाराम भर्दा कुमारी हटाइ भरेको हुदा सोही अनुसार ग्रेडसिट आयो। अव जन्मदर्ता अनुसार फेरी कुमारी थप्नका लागि जिल्ला प्रशासन कार्यालयको फैसला बोकेर काठमाण्डौ जान पर्ने भयो।

- २०७७ को माध्यमिक शिक्षा परीक्षाको नतिजा प्रकाशनमा त्रुटि कम होस भन्ने अभिप्रायका साथ विद्यालयले तयार गरेको मार्क लेजर सिस्टममा इन्ट्रि गरी सिस्टममा चढेको अंक डाउनलोड गरी पुनः विद्यालयमा रुजु गर्न पठाइएको थियो। साथै विद्यालयले उक्त फाइललाइ pdf समेत बनाइएको थियो । यस्तो दोहोरो रुजु सम्भवत म्याग्दी जिल्लाले मात्रै गरेको हुनुपर्छ । विद्यालयका लागि अभिमुखीकरण समेत गरियो तर ……………विद्यालयको अंक फरक परेको कुरा नतिजा प्रकाशन भए पश्चात मात्रै थाहा भयो । एक्सेलमा कपी पेष्ट गर्दा २/३ वटा row को अंक तल माथि परेछ । सोही विवरण ठीक छ भनि विद्यालयबाट प्रमाणित समेत भइ आएको छ । उक्त विवरण परीक्षा बोर्डमा समेत बुझाइएको छ । त्यति मेहनतका साथ पटक पटक रुजु गरेर पठाउदा पनि त्रुटि भए सवै दुख र मेहनत खेर गएको महसुस भएको छ । यस वापत परीक्षा नियन्त्रण कार्यालयको गाली पनि खाइयो । त्यो गाली विद्यालय तहमा Transfer गर्नु पर्ने तर त्यसको सट्टा यो अभिमुखीकरण कार्यक्रमको आयोजना गर्ने विचार आयो ।

- २०७७ को माध्यमिक शिक्षा परीक्षाको फाराम रुजु गरी इन्ट्रि गर्ने बेला केही विद्यार्थीको उमेर पुगेन। विद्यार्थीहरू विद्यालयमा पढिरहेका छन। परीक्षा दिन उमेर पुगेन भन्दा उनीहरूको मानसिकता कस्तो भयो होला ??
- २०७७ को माध्यमिक शिक्षा परीक्षामा…………… विद्यालयको २ जना विद्यार्थीको कक्षा ८ को ग्रेड सिटमा २ विषयमा E ग्रेड आएको उनीहरुलाइ विद्यालयले कक्षा ९ मा भर्ना पनि गरेको पाइयो। अव उनीहरूको परीक्षा नै स्थगित गर्ने अवस्था आएको थियो। पछाडि सवै कुरा बुझ्दा उनीहरूले ग्रेड वृद्धिको परीक्षा दिएको तर स्थानीय तहमा अंक चढाउने बेला फरक परेको पाइयो। प्रमाण पुराएर उनीहरूलाइ परीक्षामा सहभागी गराइयो।
- गत वर्ष नै ……………… विद्यालयले कक्षा ८ नै नपढेको विद्यार्थीलाई mark sheet दिएको रहेछ। इकाइमा रहेको अभिलेख हेर्दा निजको नाम नभेटिए पछि विद्यालय सोधखोज भयो। पहिले त प्रअले पढेको भन्नु भयो तर पछि उहाले साह्रै पढ्ने मन गरेको हुँदा दिएको भन्नु भयो। निज प्रअलाइ स्पष्टीकरण सोधि सचेत बनाइएको छ। परीक्षामा सहभागी हुने बेला उक्त विद्यार्थीलाइ परीक्षाबाट बञ्चित गराउनु पर्ने अवस्था आयो।

- केही दिन अगाडि मात्रै एक जना कक्षा ८ उत्तीर्ण गरेको विद्यार्थी थर सच्याउनका लागि इकाइमा आउनु भयो। नौलो किसिमको थर भएको हुँदा सच्याउन नसकिने जानकारी प्राप्त भए पछि उहाँले कता फोन घुमाउनु भएछ। उहाँ सँग निकै लामो कुरा भयो। उहाँले यसरी व्याख्या गर्नु भयो कि उसको व्यक्तिगत उन्नति प्रगतिको कारण नै कक्षा ८ को मार्कसिटमा लेखिएको थर हो। त्यही दिन एकछिन पछि बाबुको थर सँग आफ्नो थर मिलाउनका लागि फेरी अर्को सेवाग्राही आउनु भयो।
- माध्यमिक शिक्षा परीक्षामा सहभागी ..................... विद्यालयको एक जना विद्यार्थीले परीक्षा आवेदन फाराम भर्ने बेला आफ्नो बाबुको नाम लेख्नु पर्ने खण्डमा गाउघर तिर बोलाउने नाम लेखेका कारण उक्त नाम सच्याउनका लागि निकै कसरत गर्नु पर्‍यो।

**समस्याको मूख्य कारण**

# रूजु भएन ।।।।।

**माध्यमिक शिक्षा परीक्षाको ग्रेडसिटमा नामथर र जन्ममिति  सच्याउने विधि**

- **प्रवेशपत्र र ग्रेडसिटमा फरक परेमा ।**

विद्यालय र शिक्षा विकास तथा समन्वय इकाइको सिफारिसमा सच्याउन सकिने यसका लागि समय तोकिएको छैन ।

- **प्रवेशपत्र र ग्रेडसिटमा एउटै तर जन्मदर्तासँग फरक परेमा ।**

विद्यालय, वडा कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइको सिफारिस र प्रमुख जिल्ला अधिकारीको फैसलाका आधारमा नतिजा प्रकाशन भएको ६ महिनाभित्रमा सच्याउन सकिने ।

नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

## परीक्षा नियन्त्रण कार्यालय कक्षा १०

सानोठिमी, भक्तपुर

## माध्यमिक शिक्षा परीक्षा कक्षा-१० (एसइइ) २०७९ मा समावेश हुनका लागि रजिष्ट्रेशन फाराम भर्ने भराउने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०७८ असोज १५

२०७८ सालको शैक्षिक सत्रमा कक्षा ९ मा साधारण तथा प्राविधिक धारतर्फ अध्ययनरत विद्यार्थीहरुले २०७९ सालको नियमित एसइइ परीक्षामा समावेश हुनका लागि तथा खुला तथा अनौपचारिक प्रौढ विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुले २०७८ सालको नियमित एसइइ परीक्षामा समावेश हुनका लागि रजिष्ट्रेशन फाराम २०७८ आश्विन १५ देखि २०७८ कार्तिक मसान्त भित्र भर्ने भराउने कार्यका लागि सम्वन्धित सबै विद्यार्थी, विद्यालय, स्थानीय तहका शिक्षा शाखा, शिक्षा विकास तथा समन्वय इकाई, राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय तथा प्रदेशका शिक्षा विकास निर्देशनालयको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. विद्यालयहरुमा हाल कक्षा ९ मा अध्ययनरत साधारण तथा प्राविधिक धारतर्फका विद्यार्थीहरुका लागि**

क) हाल कक्षा ९ मा नियमित विद्यार्थीको रुपमा अध्ययनरत साधारण र प्राविधिक धारतर्फ समेतका विद्यार्थीहरुले शैक्षिक सत्र २०७७ वा सोभन्दा पहिले निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८)को प्रमाणपत्र **(सबै अनिवार्य विषयमा डी प्लस (D+) ल्याएको)** र जन्मदर्ता प्रमाणपत्रको (प्रधानाध्यापकबाट प्रमाणित) प्रतिलिपि संलग्न गरी विद्यालय पोशाकमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो निर्दिष्ट स्थानमा टाँसी **२०७८ आश्विन १५ देखि २०७८ कार्तिक मसान्त भित्र** राजश्व शुल्क सहित आफू अध्ययनरत विद्यालयमार्फत फाराम भरी बुझाइ सक्नुपर्नेछ ।

ख) सम्बन्धित विद्यालयहरुले आफ्नो विद्यालयमा नियमित रुपमा अध्ययनरत विद्यार्थीहरुको नामथर, जन्ममिति, आमा बाबुको नाम ठीकसँग भरे नभरेको रुजु गरी पछिसम्म फरक नपर्ने गरी प्रमाणित गरी **२०७८ मंसीर १० गते भित्र** राजश्व शुल्क सहित उक्त फाराम शिक्षा विकास तथा समन्वय इकाईमा बुझाइ सक्नुपर्नेछ ।

ग) प्राविधिक धारतर्फका विद्यालयहरुले समेत उल्लेखित मितिभित्र रजिष्ट्रेशन फाराम भराउनु पर्नेछ । प्राविधिक धार तथा साधारण तर्फका विद्यार्थीहरुको लागि नीलो (आकाशे) रंगको फाराम एउटै रहेको छ । रजिष्ट्रेशन फाराम शिक्षा विकास तथा समन्वय इकाईबाट उपलब्ध हुनेछ ।

२. **खुला वैकल्पिक तथा अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि**

क) दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालन निर्देशिका (संशोधन सहित) २०६३ को दफा १५ र १७ अनुसार भर्ना भई अन्य कुरा निर्देशिकाले तोकेको सबै सर्तहरु पूरा गरी सम्बन्धित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो निर्दिष्ट स्थानमा टाँसी फाराम भरी **२०७८ कार्तिक मसान्त** भित्र तोकिएको राजश्व दस्तुर सहति सम्बन्धित विद्यालयमा बुझाइसक्नुपर्नेछ। खुला वैकल्पिक तर्फका विद्यार्थीहरुले निर्देशिका वमोजिम कक्षा ८ वा सो सरहको परीक्षा उत्तीर्ण गरी दुई वर्ष पुगेको **(शैक्षिक सत्र २०७५ वा सो भन्दा पहिले)** निम्नमाध्यमिक शिक्षा परीक्षा (कक्षा ८) उत्तीर्ण गरेको **(प्रमाणपत्र जारी गर्ने निकायबाट यो सूचना प्रकाशित भए पछि भेरिफिकेशन गरिएको)** र जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि **(निर्देशिका बमोजिम भर्ना भएको वर्षको चैत्र मसान्त भित्र १६ वर्ष पुग्ने उमेरको)** प्रधानाध्याकपबाट प्रमाणित गरी पेश गर्नुपर्नेछ। अनौपचारिक प्रौढ विद्यालय वा खुला वैकल्पिक विद्यालयको बारेमा इकाईहरुले विद्यालयको अनुमतिपत्र लगायत अन्य कागजात हेरी निर्देशिका बमोजिमको विद्यार्थी भए नभएको एकिन गर्नु पर्नेछ।

ख) अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय सञ्चालन निर्देशिका २०६५ ले तोकेको सबै शर्तहरु पूरा गरी सम्बन्धित प्राधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो निर्दिष्ट स्थानमा टाँसी फाराम भरी **२०७८ कार्तिक मसान्त** भित्र तोकिएको राजश्व दस्तुर सहित सम्बन्धित विद्यालयमा बुझाइसक्नुपर्नेछ।

ग) खुला तथा वैकल्पिक विद्यालय र अनौपचारिक प्रौढ विद्यालयका विद्यार्थीहरुले रजिष्ट्रेशन र आवेदन फाराम दुवै भर्नुपर्नेछ।

३. यो फाराम साधारण तथा प्राविधिक धारतर्फका विद्यार्थीहरुले एसइइ परीक्षा २०७९ मा र खुला, वैकल्पिक तथा अनौपचारिक प्रौढ विद्यालय तर्फका विद्यार्थीहरुले २०७८ सालको एसइइ परीक्षामा समावेश हुनका लागि आफ्नो नाम दर्ता गर्ने प्रयोजनका लागि भरिने भएकाले यो फाराम नभर्ने विद्यार्थीहरुले उक्त सालको एसइइ परीक्षामा सामेल हुन पाउने छैनन् ।

४. फाराम भर्ने विद्यार्थीहरु २०७९ सालको एसइइ परीक्षामा सम्मिलित हुंदा शिक्षा नियमावली २०५९ (संशोधन सहित)को नियम ७८(६) बमोजिमको उमेर (**२०६५ साल चैत्र मसान्त सम्मको जन्ममिति भएको**) पुगेको हुनु पर्नेछ ।

५. **रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु ३००।-** तोकिएको छ । सबै विद्यालयहरुले विद्यार्थीले भरेको फाराम रुजु गरी रजिष्ट्रेशन दस्तुर समेत २०७८ मङ्सिर १० गते भित्र सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईमा बुझाउनु पर्नेछ । साथै सबै शिक्षा विकास तथा समन्वय इकाईहरुले जिल्ला भित्रका सबै विद्यालयहरुको फाराम प्राप्त भए नभएको राम्रोसँग रुजु गरी फाराम साथ विद्यालय मार्फत प्राप्त रजिष्ट्रेशन शुल्क **२०७८ मङ्सिर २५ गते** भित्र बैंक दाखिला गरिसक्नुपर्नेछ । उक्त परीक्षा दस्तुर **राजश्व खाता नं. १४२२३** मा दाखिला गर्नुपर्नेछ ।

६. बिलम्ब शुल्क तिरी फाराम भर्ने भराउने व्यवस्था नगरिएको हुंदा उक्त म्याद भित्र फाराम भरी भराइ सक्नुपर्नेछ ।

७. गत बर्ष कक्षा ९ मा रजिष्ट्रेशन फाराम भरी बुझाएका बिवरणहरु सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईहरुले २०७८ आश्विन १० गतेदेखि अनलाइन इन्ट्री कार्य गर्नुपर्ने छ । यसका लागि अनलाइन इन्ट्री गर्ने system खुला गरिसकिएको छ । उक्त इन्ट्री कार्य सम्पन्न गरी सम्बन्धित विद्यालय मार्फत बिवरण रुजु गराई electronic copy २०७८ मङ्सिर मसान्त भित्र राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० मा पठाइसक्नु पर्नेछ ।

**नोट: विद्यार्थीले रजिष्ट्रेशन फाराम भर्दा आफू नियमित रुपमा अध्ययन गरिरहेको विद्यालयबाट मात्र भर्नुपर्नेछ । एक भन्दा बढि विद्यालय/जिल्ला/स्थानबाट भरेको पाइएमा दुबै तर्फको फाराम स्वतः रद्द हुनेछ । दोहोरो रजिष्ट्रेशन भर्ने भराउने कार्य नगर्नु नगराउनुहुन र सो कार्य अटेर गरी गरेमा पछि परीक्षा रद्द हुनेछ र सो कार्यमा संलग्नलाई कारवाही गरिनेछ ।**

**यस सम्बन्धी सूचना एवम् अन्य जानकारीका लागि राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को फोन नं. ०१-६६३०८१९, ०१-६६३००७० मा सम्पर्क गरेर वा www.see.gov.np हेरेर प्राप्त गर्न सकिनेछ ।**

नियन्त्रक

**नेपाल सरकार**

**राष्ट्रिय परीक्षा बोर्ड**

# परीक्षा नियन्त्रण कार्यालय कक्षा १०

**सानोठिमी, भक्तपुर**

## २०७८ सालमा सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा कक्षा-१० (एसइइ) मा समावेश हुनका लागि आवेदन फाराम भर्ने भराउने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०७८।०६।१५

२०७८ सालको एसइइ परीक्षामा सामावेश हुनका लागि शैक्षिक सत्र २०७८ सालमा कक्षा १० मा नियमित रुपमा अध्ययनरत विद्यार्थीहरुले (माध्यमिक तहको खुला तथा वैकल्पिक विद्यालय, अनौपचारिक प्रौढ विद्यालय र प्राविधिक धार तर्फका विद्यालयमा अध्ययनरत विद्यार्थीहरु समेत) **२०७८ आश्विन १५ गतेदेखि २०७८ कार्तिक मसान्त भित्र** आवेदन फाराम भर्ने भराउने कार्यका लागि सम्बन्धित सबै विद्यार्थी, विद्यालय, स्थानीय तहका शिक्षा शाखा, शिक्षा विकास तथा समन्वय इकाई, राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय तथा प्रदेश शिक्षा विकास निर्देशनालयको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **साधारण तथा प्राविधिक धारतर्फका विद्यालयमा हाल कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूका लागि**

हाल कक्षा १० मा नियमित विद्यार्थीको रूपमा अध्ययनरत बिदयार्थीहरूले: **(क)** रजिष्ट्रेसनको अर्धकट्टीको प्रतिलिपि **(ख)** शैक्षिक सत्र २०७६ बा सो भन्दा पहिले निम्नमाध्यमिक शिक्षा परीक्षा (कक्षा ८) उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि **(ग)** जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (प्रधानाध्यापकबाट प्रमाणित) संलग्न गरी विद्यालय पोशाकमा हालसालै खिचिएको पासपोर्ट साइजको दुई प्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी आवेदन फाराम भरी प्रति परीक्षार्थी परीक्षा दस्तुर रु. ५००।- (पाँच सय) सहित **२०७८ कार्तिक मसान्त भित्र** सम्बन्धित विद्यालयमा बुझाइ सक्नुपर्ने छ।

२. **खुला, वैकल्पिक तथा अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि**

(क) दुर शिक्षा/खुला सिकाई कार्यक्रम सञ्चालन निर्देशिका, (संशोधन सहित) २०६३ को दफा १५ र १७ अनुसार भर्ना भइ निर्देशिकाले तोकेको सबै शर्तहरु पूरा गरेको सिफारिस सहित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी हालसालै खिचिएको पासपोर्ट साइजको दुई प्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी फाराम भरी प्रति परीक्षार्थी परीक्षा दस्तुर रु. ५००।- (पाँच सय) सहित **२०७८ कार्तिक मसान्तभित्र** सम्बन्धित विद्यालयमा बुझाइ सक्नुपर्ने छ । खुला वैकल्पिक तर्फका विद्यार्थीहरुले निर्देशिका बमोजिम कक्षा ८ वा सो सरहको निम्न माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गरी दुई वर्ष पुगेको (**शैक्षिक सत्र २०७५ वा सोभन्दा पहिले**) प्रमाणपत्र (**प्रमाणपत्र जारी गर्ने निकायबाट यो सूचना प्रकाशित भए पछि भेरिफिकेशन गरिएको**) र जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (**निर्देशिका बमोजिम भर्ना भएको बर्षको चैत्र मसान्तभित्र १६ वर्ष पुग्ने उमेरको**) प्रधानाध्यापकबाट प्रमाणित गरी पेश गर्नुपर्ने छ । अनौपचारिक प्रौढ विद्यालय वा खुला वैकल्पिक विद्यालयको बारेमा समन्वय इकाईहरुले विद्यालयको अनुमति पत्र लगायत अन्य कागजात हेरी निर्देशिका बमोजिमको विद्यार्थी भए नभएको एकीन गर्नुपर्नेछ ।

(ख) अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले प्रौढहरूका लागि सञ्चालित अनौपचारिक विद्यालय सञ्चालन निर्देशिका २०६५ ले तोकेको सबै सर्तहरू पूरा गरेको सिफारिस सहित सम्बन्धित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी पासपोर्ट साइजको दुईप्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी फाराम भरी प्रति परीक्षार्थी परीक्षा दस्तर रु. ५००।- (पाँच सय) सहित **२०७८ कार्तिक मसान्त भित्र** सम्बन्धित विद्यालयमा बझाइ सक्नपर्ने छ ।

३. विद्यालयहरुले उल्लेखित बुँदा नं. १ र २ अनुसार आवेदन फाराम भर्ने विद्यार्थीहरूको नाम, थर, जन्ममिति र परीक्षा दिने विषयहरू ठीकसँग भरे नभरेको रूजु गरी पछि सम्म फरक नपर्ने गरी प्रमाणित गरी अंग्रेजी अल्फावेटको क्रममा फारामहरु राखी समष्टिगत र फारामको क्रम मिले नमिलेको जाँच गरी परीक्षा दस्तुर वापतको राजश्व जम्मा गरेको भौचर वा नगदी रसिद समेत संलग्न राखी **२०७८ मङ्सिर १० गते भित्र** उक्त फाराम शिक्षा विकास तथा समन्वय इकाईमा बुझाइ सक्नुपर्ने छ।

४. परीक्षा दस्तुर बापतको राजश्व विद्यालयहरुले शिक्षा विकास तथा समन्वय इकाई वा बैंकमा जम्मा गरिसक्ने अन्तिम मिति **२०७८ मङ्सिर १० गते** सम्म र शिक्षा विकास तथा समन्वय इकाईहरुले बैंकमा जम्मा गरिसक्ने अन्तिम मिति **२०७८ मङ्सिर २५** गते सम्म कायम गरिएको छ। **राजश्व खाता नं. १४२२३ रहेको छ।**

५. शिक्षा विकास तथा समन्वय इकाईहरुले प्राप्त आवेदन फाराम कम्प्युटरमा Entry गरी रुजु समेत गरी Electronic copy मिति **२०७८ साल पौष १५ गते भित्र** राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० मा आइपुग्ने गरी पठाइ सक्नुपर्ने छ।

६. राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को समन्वयमा शिक्षा विकास तथा समन्वय इकाईहरुले कम्प्युटरबाट आठ अंकको सिम्बोल नम्बर र अल्फावेट समेत कायम गराउनु पर्ने छ। सिम्बोल नम्बर कायम गर्नु भन्दा पहिला अनिवार्य रुपमा परीक्षा केन्द्र कायम गरेको हुनु पर्नेछ। शिक्षा विकास तथा समन्वय इकाईहरुले **२०७८ पौष** मसान्त भित्र अनिवार्यरुपमा परीक्षा केन्द्र निर्धारण गरि जिल्ला परीक्षा समन्वय समितिबाट निर्णय गराई पनिकामा पठाउनु पर्नेछ। सम्भव भएसम्म गत बर्ष कायम गरिएको परीक्षा केन्द्रहरु नबद्लने गरी परीक्षा केन्द्र कायम गर्नुपर्नेछ। परीक्षा केन्द्र निर्धारण गर्दा विद्यालयहरुको नाम र कोड नम्बर तथा समूह (नियमित/प्राविधिक/ग्रेडवृद्धि) अनिवार्य उल्लेख गर्नु पर्नेछ। प्राविधिक धार र ग्रेडवृद्धि तर्फका विद्यार्थीहरुको परीक्षा केन्द्र जिल्ला सदरमुकाम वा सबै विद्यालयलाई पायक पर्ने स्थानमा कायम गर्नु पर्नेछ।

७. स्वीकृत फारामको अभिलेख प्रति (Office Copy) राष्ट्रिय परीक्षा बोर्डले माग गरेको बेला प्रस्तुत गर्ने गरी सुरक्षित राख्ने र प्रवेशपत्र (Student Copy) को भाग शिक्षा विकास तथा समन्वय इकाईले सिम्बोल नम्बर कायम गरी सम्बन्धित विद्यार्थीले परीक्षाको समयमा प्राप्त गर्ने गरी विद्यालय मार्फत वितरण गर्ने व्यवस्था मिलाउने ।

८. २०७८ सालमा एसइइ परीक्षाका लागि आवेदन फाराम भर्ने साधारण तथा प्राविधिक धारतर्फका विद्यार्थीको उमेर शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ७८(६) बमोजिम २०७८ चैत मसान्त सम्ममा **१४** वर्ष पूरा (**२०६४ चैत्र मसान्त सम्मको जन्म मिति**) भएको हुनुपर्नेछ । खुला विद्यालयबाट आवेदन भर्नेका हकमा दुर शिक्षा/खुला सिकाई कार्यक्रम सञ्चालन निर्देशिका, (संशोधन सहित) २०६३ को दफा १७क) बमोजिम भर्ना भएको वर्षको चैत्र मसान्त भित्र १६ वर्ष पूग्ने उमेरको (**२०६३ चैत्र मसान्त सम्मको**) हुनुपर्नेछ ।

९. आवेदन फाराम भर्ने विद्यार्थीले आफू नियमित रूपमा अध्ययन गरेको विद्यालयबाट मात्र आवेदन फाराम भर्नुपर्नेछ । एकभन्दा बढी विद्यालय वा स्थानबाट फाराम भरेको पाइएमा त्यस्ता दुबै तर्फका फारामहरु रद्द गरिनेछन् । कक्षा १० मा अन्य विद्यालय तथा जिल्लाबाट स्थानान्तरण भई नयाँ भर्ना हुन आउने विद्यार्थीको हकमा शिक्षा नियमावली २०२८ (नवौं संशोधन २०७७) अनुसार गर्ने र त्यस्ता खाले विद्यार्थीको छुट्टै अभिलेख राखी पनिकामा पठाउने ।

१०. तोकिएको समयभित्र आवेदन फाराम नभर्ने विद्यार्थीहरूले एसइइ परीक्षा २०७८ मा सामेल हुन पाउने छैनन् ।

११. विद्यालयले प्रयोगात्मक अंक तालिका र अन्य विवरण सहितका कागजात २०७८ पौष मसान्त भित्र शिक्षा विकास तथा समन्वय इकाईमा बुझाउने र इकाईले २०७८ माघ २० गते भित्र राजश्वको विवरण, अयोग्य विद्यार्थीहरुको विवरण र विद्यार्थीहरुको प्रयोगात्मक अंक समेत पनिकामा अनिवार्य आइपुग्ने गरी पठाउनु पर्ने छ । **राजस्वको विवरण पठाउँदा विद्यालय कोडको क्रममा विद्यालयगत विद्यार्थी संख्या र विद्यालयले बुझाएको राजस्व रकम स्पष्ट खुल्ने गरी पठाउनुपर्ने छ ।**

१२. खुला वैकल्पिक तथा अनौपचारिक प्रौढ विद्यालयहरुले रजिष्ट्रेशन र आवेदन सँगै भर्नुपर्नेछ ।

१३ **ग्रेडवृध्दि तर्फ** (साधारण, प्राविधिक, खुला तथा वैकल्पिक र अनौपचारिक प्रौढ विद्यालयका परीक्षार्थी)

अ) २०७५ सालको नियमित परीक्षार्थी भई एसइइ परीक्षामा सहभागी भएका परीक्षार्थीहरुले विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यावन्यन कार्यविधि २०७२ को (चौथा संशोधन सहित) परिच्छेद ३ को ३.१.३.४(ख) मा भएको व्यवस्था बमोजिम ग्रेडवृध्दि गर्न चाहेमा २०७८ मा हुने माध्यमिक शिक्षा परीक्षा कक्षा-१० (एसइइ) मा ग्रेडवृध्दि समूहबाट परीक्षामा सहभागी हुन सक्नेछन् । साथै २०७५ साल भन्दा अगाडि नियमित परीक्षामा सहभागी भएका सबै परीक्षार्थीहरुले अक्षाराङ्कन पद्धती नयाँ पठ्यक्रम अनुसार सम्पूर्ण विषयमा परीक्षा दिन सक्नेछन । यस्ता परीक्षार्थीहरुले परीक्षामा सहभागी हुन चाहेमा आफ्नो विद्यालयमा गई पुन: प्रयोगात्मक परीक्षामा सामेल हुने व्यवस्था मिलाई सम्वन्धित विद्यालयले प्रयोगात्मक प्राप्तङ्क पठाउने व्यवस्था गर्नु पर्नेछ ।

आ) त्यस्ता परीक्षार्थीहरुले हालसालै खिचेको पासपोर्ट साइजको २ (दुई) प्रति फोटो टाँसी आवेदन फाराम भरी देहायका कागजातहरु संलग्न राखी प्रति परीक्षार्थी परीक्षा दस्तुर रु ५००।- (पाँच सय) सहित **२०७८ आश्विन १५ गते देखि २०७८ कार्तिक मसान्त** भित्र आवेदन फाराम भरी सम्बन्धित विद्यालयमा बुझाइसक्नुपर्नेछ ।

<u>**फारामसँगै सलग्न हुनुपर्ने आवश्यक कागजातहरु**</u>

(क) रजिष्ट्रेशन स्लिपको प्रतिलिपि (अनिवार्य),

(ख) अक्षराङ्कन प्रणाली अन्तर्गतका ग्रेडवृध्दि गर्न चाहने परीक्षार्थी भए ग्रेडसिटको प्रतिलिपि,

(ग) पुराना परीक्षार्थीले नयाँ पाठ्यक्रम अनुसार सबै विषयमा परीक्षा दिन चाहेमा मार्कसिट वा ग्रेडसिटको प्रतिलिपि,

(घ) अनुपस्थित भएको भए लेजर र प्रवेशपत्रको प्रतिलिपि

इ) फाराम भर्दा परीक्षार्थीले पहिले दिएका परीक्षाका सबै वर्षका सिम्बोल नम्बरहरु क्रमश: उल्लेख गर्नुपर्नेछ ।

ई) परीक्षा आवेदन फाराम भर्दा परीक्षार्थीले आफूले नियमित अध्ययन गरेको विद्यालयबाट नै भर्नुपर्नेछ । अन्य विद्यालयबाट आवेदन फाराम भरेमा स्वत: रद्द हुनेछ । साथै अन्य विद्यालयमा अध्ययन गरेका परीक्षार्थीको आवेदन फाराम भराएमा प्रधानाध्यापकलाई कारवाही हुनेछ ।

उ) अन्य प्रक्रिया र फाराम बुझाउँने म्याद नियमित विद्यार्थी सरह हुनेछ ।

ऊ) ग्रेडबृद्धि तर्फका परीक्षार्थीहरुले **पहेंलो रङको फाराम** मात्र प्रयोग गर्नु पर्नेछ ।

केही जिज्ञासा भए ????